जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि






बर्ष १२ • अंक २४५ • २०८२ आषाढ ११ गते बुधवार • 25 Jun. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-


# जनकपुरधाम उपमहानगरपालिकाद्वारा आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम सार्वजनिक



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम,१० आषाढ**

जनकपुरधाम उपमहानगरपालिकाले सोमबार १३औं नगरसभाको आयोजना गर्दै आर्थिक वर्ष २०८२/०८३ का लागि नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ।

नगर प्रमुख मनोज कुमार साहले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा फोहरमैला व्यवस्थापन, पर्यटकीय पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, महिला सशक्तीकरण, औद्योगिकीकरण र ग्रामीण पूर्वाधार विकासलाई प्रमुख प्राथमिकता दिइएको छ। नीति अनुसार, कुहिने र नकुहिने फोहर छुट्याएर उर्जा र कम्पोस्ट मल उत्पादन गर्ने, त्यसलाई कृषि कार्यमा प्रयोग गरिनेछ। फोहर व्यवस्थापनका लागि जनशक्ति र प्रविधि परिचालन गरिनेछ भने छिमेकी नगरहरूसँग समन्वय गरी सामूहिक सेनेटरी ल्यान्डफिल साइट निर्माणको तयारी थालिएको जनाइएको छ।

नीति तथा कार्यक्रमा जनकपुरधामको दीर्घकालीन समस्या बनेको लामखुट्टे नियन्त्रणका लागि विज्ञको परामर्शमा ठोस योजना लागू गरिनेछ। स्वास्थ्य क्षेत्रमा विपन्न तथा अपांगता भएका व्यक्तिहरूलाई निःशुल्क स्वास्थ्य बीमा, विद्यालयहरूमा स्वास्थ्य परीक्षण कक्ष, र घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ। रंगभूमि मैदान र ऐतिहासिक पोखरीहरूको सरसफाइ, डिल सौन्दर्यीकरण, पार्किङ समस्या समाधान, पर्यटक गाइडको कार्यविधि निर्माण लगायतका काम अगाडि बढाइनेछ। दर्ता नभएका इरिक्सालाई परिक्रमा क्षेत्रमा निषेध गरी नियमनात्मक व्यवस्था गरिने जनाइएको छ। विद्यालयमा इन्टरनेट जडान, युवा स्वयंसेवक शिक्षक परिचालन, बाल क्लब स्थापनाका साथै धुम्रपान तथा चलचित्र हेर्नेमा प्रतिबन्ध लगाइनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पदक जित्ने खेलाडीलाई पुरस्कृत गरिने र प्रत्येक दुई वर्षमा वृहत खेलकुद महोत्सव आयोजना गरिनेछ। तीन लाखसम्मको सम्पत्ति कर तिर्ने करदातालाई छुट, समयमै कर बुझाउनेलाई महिला र पुरुष छुट छुट दिने नीति छ। कर प्रणालीलाई सहज बनाउन मोबाइल एप निर्माण गरिनेछ। एक वडा, एक उत्पादन तथा एक वडा, एक पशु फर्म कार्यक्रममार्फत कृषि उत्पादनमा वृद्धि गरिनेछ। उत्कृष्ट किसानलाई पुरस्कार दिइनेछ। युवा बेरोजगारलाई ५ लाखसम्म आर्थिक सहयोग, सीप विकास तालिम, र 'विन सीप को ना जीव' कार्यक्रम लागू गरिनेछ। सडक नामकरण गरी वैज्ञानिक घर नम्बर प्रणाली लागू गरिने, खुला व्यायामशाला स्थापना गरिनेछ। प्लास्टिक झोला निषेध गरी वातावरण संरक्षण गरिने, विद्युतीय सवारी प्रयोगलाई प्रवर्द्धन गरिने योजना छ।

उपमहानगरले स्थानीय सञ्चार माध्यमहरूलाई सशक्त बनाउन पत्रकार महासंघ तथा अन्य सञ्चार संस्थाहरूसँग समन्वय गरी सहयोग गरिनेछ। 'उपमहानगर, हाम्रो जनकपुरधाम' नामक रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गरिनेछ। नीति तथा कार्यक्रममा महिला, दलित, लक्षित वर्ग उत्थान, विपद् व्यवस्थापन, भू-उपयोग तथा बस्ती विकास, आपूर्ति र उद्योग-व्यापारका विषयमा समेत विस्तृत योजना समावेश गरिएको छ।

# विदेह नगरपालिकाद्वारा ५० करोड ५१ लाख ५२५ रुपियाँको बजेट प्रस्तुत



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १० आषाढ**

धनुषाको विदेह नगरपालिकाले अगामी आर्थिक वर्ष २०८२-८३ का लागि जम्मा ५० करोड ५१ लाख ५२५ रुपियाँको बजेट प्रस्तुत भएको छ। विदेह नगरपालिका नगर प्रमुख बेचन दासको अध्यक्षतामा भएको सो नगरपालिको १० औं नगरसभाको उद्घाटनसत्रमा नगर उपप्रमुख आशादेवी झाले अगामी आर्थिक वर्ष २०८२-८३ का लागि नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नुभयो। प्रस्तुत बजेटमध्ये चालुतर्फ ३४ करोड ८४ लाख ८४ हजार ५२५ रुपियाँ र पुँजीगत तर्फ १५ करोड ६६ लाख १६ हजार रुपियाँ रहेको छ। नगरपालिकाले अगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको बजेटको स्रोत मध्ये आन्तरिक राजस्वबाट ४ करोड ५ लाख, राजस्व बाँडफाँटबाट १० करोड ९४ लाख १९ हजार ५२५ र अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट ३५ करोड ५१ लाख ८१ हजार रहेको छ।

उक्त १० औं नगरसभाको उद्घाटन गर्दै प्रमुख अतिथि एवम नेकपा (एमाले) का प्रदेशसभा सदस्य लखन दासले स्थानीय सरकारले किसानहरूको सहजताका लागि खरिद केन्द्रको स्थापना गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले किसानहरूले उत्पादन गरेका धान गहुँको साथै तरकारीको व्यवस्थित बजारीकरण नहुँदा किसानलाई समस्या भइरहेको भन्दै किसानले उत्पादन गरेका वस्तुलाई स्थानीयतहले खरिद गरी व्यवस्थितरूपमा बिक्री वितरण गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले दलित, अल्पसङ्ख्यक र पिछडा समुदायका बालबालिका अझै पनि विद्यालय बाहिर रहेको चर्चा गर्दै तिनीहरूलाई विद्यालयमा टिकाइ राख्न प्रोत्साहन भत्ताको व्यवस्था गरिनुपर्नेमा जोड दिनुभयो । नगर सभाको अध्यक्षता गर्नुभएका नगरपालिका नगर प्रमुखले अगामी आर्थिक वर्षमा कृषि, शिक्षा र स्वास्थ्यको क्षेत्रलाई प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन हुने प्रतिबद्धता व्यक्त गर्नुभयो।





अनुरोधकर्ता
कटहरिया नगरपालिकाको कार्यालय
रौतहट,मधेश प्रदेश

## बालश्रम अन्त्य गरौं

**बालश्रमका कारण :**
- शिक्षाबाट बञ्चित हुने,
- मानसिक शारीरिक स्वास्थ्यमा असर पर्ने,
- भविष्य अन्धकार हुने,
- बाल अधिकारको उल्लंघन हुन्छ,

**त्यसैले :**
- बालश्रमको विरोध गरौं,
- शिक्षाको पहुँच सबैमा सुनिश्चित गरौं,
- गरिबी निवारणमा सहयोग गरौं,
- बालश्रम गराउनेलाई कानुनी कारवाही गर्न सहयोग गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड




# सामाजिक बनौं, असामाजिक नबनौ !

*सामाजिक सञ्जाल एउटा समाज नै रहेको देखिन्छ । यसको सञ्चालन गर्ने सबै तपाईं हाम्रै परिवार, नातागोता, इष्टमित्र, मान्यजन सबै रहेका छन । जसलाई धेरैले चिन्नछन, जान्नछन पनि । नचिने नजाने पनि चिन्न र जान्न सक्नछन । 'सामाजिक सञ्जाल मान्छेको मन र अरूसँग संवाद गर्ने लालसाको परिणाम रहेको देखिन्छ । तर सामाजिक सञ्जालमा विचार र मनलाई नियन्त्रण गर्न सकिरहेको छैन । लेख्न मिल्ने, नमिल्ने भन्न मिल्ने नमिल्ने, देख्न सकिने नसकिने सबैकुरा सामाजिक सञ्जालमा प्रस्तुत गरिरहेको देखिन्छ ।' यसबाट हामी कोही पनि अछुतो रहन रहेको देखिदैन । यो गति बढ्दै जाने हो भने अनुशासित र मर्यादित परिवार अनि मानिस बाँकी नरहने देखिन्छ । सञ्जाल विचार राख्ने ठाउँ छ । केही हदसम्म दुःख र सुख सेयर गर्ने सञ्जाल पनि हो । तर यहाँ त्योभन्दा बढी, साख, ईर्ष्या, डाहा, सरस, राग, द्वेष, घमण्ड, देखावटी आदि प्रस्तुत भईरहेको देखिन्छ ।*

*नेपाली समाज शान्त तालजस्तो मिलेर बनेको छ, यहाँ सद्भाव, सहिष्णुता, सहयोग, समानता, मानसम्मान लगायतका समाजका हुनुपर्ने आवश्यक कुर ाहरू समावेश रहेको छ । यी कुराहरूलाई राजनीति हुँदै अहिले सामाजिक सञ्जालले छाल ल्याइदिएको देखिन्छ । को कता गयो, कहिले कोसँग मिलेको छ, कहिले कुन कता हराएको छ, कसैलाई कसैको मतलव छैन, जन्मेदेखि मरेसम्मका सबै घटनालाई सञ्जालमा देख्न र भेट्न सकिने भएको देखिन्छ । घरपरिवार बसेर पनि सबै एक्लै भएको महसुस हुन्छ, दुःख र बिरामी हुँदा दया, माया र सद्भाव समेत देखे पनि अनदेखा भएको जस्तो महशुस हुदै आएको छ । त्यसैले अब हामी सामाजिक सञ्जाल परिवार आफन्त बालबच्चासँगै बसेर चलाउन सक्ने वातावरण सृजना गर्नुपर्छ यसैमा तपाईं हाम्रो भलो हुनेछ । सञ्जालमा सामाजिक बनौं, असामाजिक नबनौ !*

# 'कलकतियाबाली' की पत्नी अँसा सदा आफ्नै घरमा मृत अवस्थामा फेला

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १० आषाढ**



अन्तरजातीय विवाह गरेर चर्चामा आएका कलाकार अभिनास झा उर्फ 'कलकतियाबाली'की पत्नी अँसा सदा सोमबार राति आफ्नै घरमा मृत अवस्थामा फेला परेकी छिन् ।

गत माघ महिनामा विवाह बन्धनमा बाँधिएका झा दम्पतीले गृह प्रवेश समारोह समेत सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेका थिए। उनीहरू धार्मिक विधिपूर्वक गृह प्रवेश गर्दै खुसी मुद्रामा देखिएका थिए। तर, सोमबार राति जनकपुरधाम उपमहानगरपालिका-१२ र २० को बीचमा रहेको नोचापुरस्थित घरमा अँसा सदा मृत अवस्थामा भेटिएकी हुन् । धनुषा जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी वरुण बहादुर सिंहका अनुसार घटनाबारे सोमबार राति नै जानकारी प्राप्त भएको हो ।

घटनास्थलको प्रारम्भिक अनुसन्धानका लागि प्रहरीले घरलाई नियन्त्रणमा लिएको छ । हालसम्म अँसा सदाको माइती पक्ष नआएकाले कानुनी प्रक्रिया अघि बढाउन कठिन भइरहेको प्रहरीले जनाएको छ । माइती पक्ष उपस्थित भएपछि मात्र शवलाई पोष्टमार्टमका लागि पठाइनेछ । प्रारम्भिक जानकारीअनुसार यो आत्महत्या भएको हुन सक्ने अनुमान गरिएको छ। यद्यपि, प्रहरीले पोष्टमार्टमको रिपोर्ट नआएसम्म घटनाबारे निश्चित भनाइ दिन नसकिने स्पष्ट पारेको छ । अहिले घटनास्थलमा स्थानीयवासीको भीड लागेको छ भने अभिनास झा मिडियामा बोल्न सक्ने अवस्थामा छैनन् । घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

# निजि अस्पताल एम्बुलेन्स चालकहरुले चलाइ रहेको: मुख्यमन्त्री

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १० आषाढ**



मधेस प्रदेसका निजि अस्पताल एम्बुलेन्स चालकहरुले चलाइ रहेको प्रदेशका मुख्यमन्त्री सतिस कुमार सिंहले बताएका छन ।

महोत्तरी को औरही नगरपालिकाको नीति तथा बजेट कार्यक्रममा बोल्दै मुख्यमन्त्री सिंहले मधेस प्रदेसमा निजि अस्पतालहरुको अनुगमन गर्दा अधिकान्स निजि अस्पतालमा एम्बुलेन्स चालकलाई बिचोलियाको रूपमा प्रयोग गरेर निजि अस्पताल सन्चालकहरुले बिरामीहरुलाई उपचार को साटो लूटने काम गरिरहेको आरोप लगाएका छन ।

प्रदेसका निजि अस्पताल को अनुगमन गर्दा करिब ७०% अस्पताल अबैध रुपमा सन्चालन मा रहेको पाइएको मुख्यमन्त्री सिंहले बताउनुभयो । ५ देखि १५ शैय्या सम्मको अस्पताल को अनुमती स्थानीय तहलाइ दिने अधिकार भएका कारण स्थानीय तहले जथाभावी अनुमती दिने तर अस्पताल कसरी संचालन भइरहेको छ भनेर अनुगमन नगर्दा यस्तो भयावह अवस्था आएको बताएका छ्न । उहाँले कतिपय निजि अस्पतालकै कारण बिरामीहरुको मृत्यु हुने गरेको र त्यस्ता अस्पताललाई कार्बाही नहुदा पीडित झन पिडामा पर्ने गरेको हुदा त्यस्ता अस्पताललाई अनुगमन गरेर बन्द गराएको उहाँको भनाइ थियो ।

**मधेश प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**जनकपुरधाम, धनुषा, नेपाल**

**जनहितमा जारी सन्देश**

- सडक हामी सबैको साझा सम्पत्ति हो, यसको संरक्षण गरौं, -सडक क्षति पुर्याउन काम नगरौं ।
- सडकमा पशु चौपाया छाडा नछोडौं ।
- सडकको दायाँ-बायाँको अधिकार क्षेत्र (राईट अफ वे) Right of way को सीमामा रहेर घर, टहरा लगायतका संरचनाहरु निर्माण गरौं ।
- साँगुरो सडक भएको ठाउँमा ओभरटेक नगरौं, ओभरटेक गर्दा संकेत दिएर, दाहिनेबाट गरौं -सवारी साधनको क्षमताभन्दा बढी यात्रु नबोकौं ।
- सडक सधैँ सफा र सुन्दर राखौं, सडकमा फोहोर नफालौं ।
- सडकमा ढुंगा, गिट्टी, बालुवा लगायत अन्य निर्माण सामग्री नराखौं, जसका कारण दुर्घटना हुन सक्छ ।
- दीगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।

## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: मित्रतामा फाटो आउने
मिथून: आम्दानी हुने
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: अनावश्यक चिन्ता
तुला: मनमा पछुतो आउने
वृश्चिक: खानपानमा समस्या आउने
धनु: अशुभ समाचार प्राप्त हुने
मकर: लामो यात्राको योग छ
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु




### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# ट्रम्पले फेरि लेखे- युद्धविराम अबदेखि लागू हुन्छ, अस्वीकारोक्तिबीच इरानले इजरायलमा हान्यो ६ क्षेप्यास्त्र

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० आषाढ**



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फेरि एक पटक युद्धविरामको बारेमा पोस्ट गरेका छन् । उनले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म ट्रुथ सोसियलमा लेखेका छन्, 'युद्धविराम अबदेखि लागू हुन्छ ।

कृपया यसलाई तोड्नुहुन्न।' यसअघि ट्रम्पले आज बिहान ३:४५० बजे युद्धविरामको घोषणा गरेका थिए । उनले भने कि यो आगामी ६ घण्टामा लागू हुनेछ। ट्रम्पले युद्धविरामको घोषणा गरेदेखि इरानले इजरायलमाथि ६ पटक ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार गरेको छ । टाइम्स अफ इजरायलको रिपोर्ट अनुसार, बेरशेबा शहरको एक भवनमा मिसाइल खस्यो। मेडिकल टोलीले आक्रमणमा ४ जनाको मृत्यु भएको बताएको छ भने २० भन्दा बढी घाइते भएका छन्। यसअघि इरानी विदेशमन्त्री अब्बास अराघचीले इजरायलसँग युद्धविरामको रिपोर्टलाई अस्वीकार गरेका थिए । उनले भने, 'इजरायलसँग अहिलेसम्म कुनै अन्तिम युद्धविराम सम्झौता भएको छैन। यदि इजरायलले आक्रमण रोक्यो भने इरानले पनि आक्रमण गर्नेछैन।'

# लालीबजारमा स्वस्तिमाको फरक लुक्स

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० आषाढ**



'जात्रा' शृङ्खलाको निर्माण ब्यानर षट्कोण आर्टसले निर्माणमा बन्न लागेको 'लालीबजार'मा अभिनेत्री स्वस्तिमा खड्का अनुबन्धित भएकी छन्। 'जात्रा', 'जात्रै जात्रा', 'महापुरुष' र 'महाजात्रा' जस्ता फिल्म निर्माण गरेको षट्कोणले 'लालीबजार'का लागि खड्का फाइनल भएको जनाएको हो।

निर्माण युनिटले अभिनेत्री खड्का फिचर्ड पोस्टर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मिति फागुन १ गते घोषणा गरेको छ । सार्वजनिक पोस्टरमा अभिनेत्री खड्का गर्भवतीको रूपमा देखिएकी छन्। उनको शृङ्गार र हाउभाउले फरक कथा चित्रण गर्ने बुझिन्छ। यम थापाको लेखन तथा निर्देशन रहने 'लालीबजार'लाई रवीन्द्रसिंह बानियाँ र म्याक्स दीपेस खत्रीले निर्माण गर्न लागेका हुन् । फिल्मका कार्यकारी निर्माता प्रदीप भट्टराई रहेका छन्। अभिनेत्री खड्काले फिल्मको कथावस्तु र निर्माण टिमका कारण आफू नयाँ र फरक रूपमा प्रस्तुत हुन तयार भएको बताइन्।

उनले भनिन्, 'दर्शकले मेरा अघिल्ला फिल्मभन्दा यसमा भिन्न देख्नुहुनेछ। सार्वजनिक गरिएको पोस्टरले पनि धेरै कुरा भनिरहेको छ, म यो पात्रलाई जीवन्त बनाउन निकै उत्साहित छु।' फिल्मका अन्य कलाकार र विषयवस्तुका केही समयपछि जानकारी दिने निर्माण पक्षले बताएको छ।

आगामी दसैँलगत्तै छायाङ्कन गरिने 'लालीबजार' षट्कोण आर्टस् एकल निर्माता भएर निर्माण गरिरहेको पाँचौं फिल्म हो। यसबाहेक 'टल्कजङ्ग भर्सेस टुल्के', 'डाकिनी', 'सुपर मङ्ग' लगायत फिल्ममा अन्य ब्यानरसँग उसले सहकार्य गरेको थियो।

# आजको लागि निर्धारित विदेशी मुद्राको विनिमयदर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० आषाढ**




नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १३८ रुपैयाँ ५१ पैसा र बिक्रीदर १३९ रुपैयाँ ११ पैसा निर्धारण गरिएको छ ।

युरोपियन युरो एकको खरिददर १५८ रुपैयाँ ७९ पैसा र बिक्रीदर १५९ रुपैयाँ ४८ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर १८५ रुपैयाँ २९ पैसा र बिक्रीदर १८६ रुपैयाँ नौ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १६९ रुपैयाँ १९ पैसा र बिक्रीदर १६९ रुपैयाँ ९३ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८८ रुपैयाँ ३७ पैसा र बिक्रीदर ८८ रुपैयाँ ७५ पैसा, क्यानेडियन डलर एकको खरिददर १०० रुपैयाँ ४८ पैसा र बिक्रीदर १०० रुपैयाँ ९१ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०७ रुपैयाँ १२ पैसा र बिक्रीदर १०७ रुपैयाँ ५९ पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ ३७ पैसा र बिक्रीदर नौ रुपैयाँ ४१ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ २७ पैसा र बिक्रीदर १९ रुपैयाँ ३५ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ९२ पैसा र बिक्रीदर ३७ रुपैयाँ आठ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ र बिक्रीदर ३८ रुपैयाँ १६ पैसा कायम भएको छ।


मिथिला नगरपालिका वडा नं. 4, धनुषा स्थित आर.एल.कर्प नेपाल प्रा.लि.को लागी आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी

**सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२।०३।११**

मधेश प्रदेश धनुषा जिल्लामिथिला नगरपालिका वडा नं. 4, आर.एल.कर्प नेपाल प्रा.लि.ले निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम : | आर.एल.कर्प नेपाल प्रा.लि.को प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने कार्य । |
| प्रस्तावकको नाम र ठेगाना : | नामः- आर.एल.कर्प नेपाल प्रा.लि.<br>ठेगानाः-मिथिला नगरपालिका वडा नं.4,धनुषा<br>सम्पर्क नंः- 9854025019 |
| प्रस्तावको ब्यहोरा : | धनुषा जिल्लामिथिला नगरपालिका वडा नं.4को किता नं.४० को क्षेत्रफल ३७२४.६बर्ग मिटरभएको जग्गामा निर्माण भएको भवनमा संचालन भईरहेकोआर.एल.कर्प नेपाल प्रा.लि.को लागी प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्नेकार्य। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा : | जिल्ला धनुषा मिथिला नगरपालिका वडा नं.4 |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालय : | मिथिला नगरपालिका<br>०५नं. वडाको कार्यालय,धनुषा |
| प्रस्तावकको नाम र ठेगाना : | नामः- आर.एल.कर्प नेपाल प्रा.लि.<br>ठेगानाः-मिथिला नगरपालिका वडा नं.4,धनुषा<br>सम्पर्क नंः- 9854025019 |
| परामर्शदाताको नाम र ठेगाना : | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., बिरगंज-१६, धनुषा ।<br>सम्पर्क व्यक्ति : शम्भु प्रसाद चौरसिया<br>सम्पर्क नं. : ९८५१००६६४३<br>इमेल :shambhuprasadchaurasia@gmail.com |


# पाकिस्तानमा इतिहास रचिन् नेपाली रेस्लर भगवती खड्काले

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० आषाढ**



नेपाली महिला रेस्लर भगवती खड्काले पाकिस्तानको कराँचीमा सम्पन्न आरइडब्लु महिला सिंगल्स रेस्लिङ च्याम्पियनसिपमा उपाधि जित्दै अन्तर्राष्ट्रिय स्तरमा नेपाललाई गौरवान्वित बनाएकी छन् । रेस्लिङ रिङमा 'युनिका' उपनामले चिनिने भगवतीले पाकिस्तानकी चर्चित रेस्लर बेगिसालाई पराजित गर्दै उपाधि हात पारेकी हुन्। यो प्रतियोगिता पाकिस्तानमा आयोजित पहिलो महिला रेस्लिङ प्रतिस्पर्धा भएको बताइएको छ।

**२०६९ सालदेखि रेस्लिङमा** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रेस्लिङ जगतमा सक्रिय भगवतीले २०६९ सालदेखि यो खेल यात्रा सुरु गरेकी हुन्। हालसम्म उनले भारत, जापानलगायत विभिन्न देशमा गरी करिब ४० विदेशी रेस्लरहरूसँग प्रतिस्पर्धा गरिसकेकी छन्। तीमध्ये अधिकांशमा उनले जित दर्ता गरेकी छिन् । **सांगीतिक यात्रामा पनि सक्रिय** खेलकुदसँगै भगवती खड्का सांगीतिक क्षेत्रमा पनि सक्रिय छिन्। उनले 'नेपाली हामी रहौला कहाँ नेपालै नरहे' जस्ता भावपूर्ण गीत गाएर दर्शकको मन जितेकी छन् । **कालापत्थरमा रेस्लिङ, वर्ल्ड बुक अफ रेकर्ड्समा नाम** भगवतीको नेतृत्वमा रहेको नेपाल महिला रेस्लिङ फाउन्डेसनले सोलुखुम्बुस्थित ५,६४४ मिटरको उचाइमा रहेको कालापत्थरमा रेस्लिङ प्रतियोगिता आयोजना गरेको थियो। गत जेठ १६ गते (मे २९), 'एभरेष्ट डे' का अवसरमा आयोजित उक्त प्रतियोगितामा भगवतीले अमेरिकी रेस्लर ८डानियल मोरिसन (डानी मो)८लाई हराएकी थिइन् । यस ऐतिहासिक आयोजनालाई लिएर वर्ल्ड बुक अफ रेकर्ड्स, लन्डनले भगवतीको नाम विश्व कीर्तिमानीको सूचीमा समावेश गरेको हो। **पुरुष स्पर्धामा पाकिस्तानी खेलाडीहरूबीच प्रतिस्पर्धा** उक्त आरइडब्लु प्रतियोगितामा पुरुषतर्फ चार वटा स्पर्धा पनि सम्पन्न भए, जसमा सबै पाकिस्तानी खेलाडीहरूले भाग लिएका थिए।

# पिपरा गाउँपालिकाको ५३ करोड बढीको बजेट प्रस्तुत

**आरजे ईर्शाद शेख**
**महोत्तरी, १० आषाढ**



महोत्तरी जिल्लाको पिपरा गाउँपालिकाले मंगलबार १५औं गाउँसभा सम्पन्न गर्दै आर्थिक वर्ष २०८२/८३ का लागि कुल रु ५३ करोड ५१ लाख ४५ हजार ३०६ को बजेट सार्वजनिक गरेको छ।

उक्त बजेट गाउँपालिकाकी उपाध्यक्ष वन्दना पाण्डेयले प्रस्तुत गर्नुभएको हो। कार्यक्रमको अध्यक्षता पालिकाका अध्यक्ष राम जानकी यादवले गर्नुभएको थियो भने पूर्व कृषि मन्त्री हरि नारायण यादव प्रमुख अतिथि र हनुभएको थियो।

गाउँसभामा सबै वडाका अध्यक्षहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, रतौली युवा क्लबका अध्यक्ष बैधनाथ चौधरी, कर्मचारी, पत्रकार, स्थानीय प्रशासन र सर्वसाधारणको उल्लेखनीय उपस्थिति रहेको थियो। कार्यक्रममा सम्बोधन गर्दै अध्यक्ष यादवले भने, "पिपरा गाउँपालिका अब इतिहास बन्दैछ। विकासका कामहरू तीव्र गतिमा अगाडि बढिरहेका छन्, हामी सबै मिलेर यसलाई नमूना पालिका बनाउने छौं। "गाउँसभामा आगामी वर्षका लागि नीति तथा कार्यक्रम पनि प्रस्तुत गरिएको छ। सभामा शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि र रोजगारी सिर्जनालाई प्राथमिकता दिइने उल्लेख गरिएको छ।

# समावेशितामा संवेदनशीलताको खोजी

-आरक्षण जातका आधारमा नभई वर्गका आधारमा दिइनुपर्छ भन्ने भाष्य फैलाइएको छ, अर्थात् लामो नागरिक आन्दोलनबाट सिर्जित सामाजिक न्यायको कुरालाई गरिबी निवारण कार्यक्रमका रूपमा खुम्च्याउने प्रयास गरिएको छ। ७२ प्रतिशत सीमान्तकृत जनताका लागि ३ प्रतिशत मात्र बजेट छुट्याउँदा होस् वा राज्यका संरचनामा एकल नश्लीय वर्चस्व कायम हुँदा पनि किन कुनै हलचल देखिँदैन ? केही दिनअघि ललितपुरमा आदिवासी जनजाति आयोगको आयोजनामा समावेशी लोकतन्त्रको समीक्षा गर्ने कार्यक्रम चलिरहेको थियो । जसमा सत्ता साझेदारीमा रहेका राजनीतिक दलका माथिल्ला तहका नेताको सहभागिता थियो । त्यसको केही बेरपछि सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकमा सत्य निरूपणसम्बन्धी दुई आयोगका पदाधिकारी चयनको निर्णय हुँदै थियो । उक्त कार्यक्रममा समावेशिता आफ्नो एजेन्डा भएको, आफू र आफ्नो दल यसका लागि विशेष रूपले लागेको दृष्टान्त प्रायः सबै दलका नेताले प्रस्तुत गरिरहेका थिए । संयोगवश यस्तो अग्रगम्य दृष्टान्त दिने नेताहरूमध्ये कतिपय त समानुपातिकताको भऱ्याङ चढेर संसद्मा पुगेका वर्चस्वशाली नेता पनि थिए । कार्यक्रम सकेर घर पुग्दानपुग्दै मन्त्रिपरिषद्ले आयोगका पदाधिकारी चयन गरेको 'ब्रेकिङ न्युज' आइसकेको थियो । केही समयपछि पदाधिकारीको नाम पनि टीभी स्क्रिनमा आउन थाल्यो । पदाधिकारीको सूची देख्दा भने केही बेरअघि घनीभूत छलफल गरिएको समावेशी लोकतन्त्रको नै धज्जी उडिरहेको भान हुन्थ्यो । त्यो सूचीमा न्याय र परिपूरणको झिनो आशामा दशकौंदेखि भौतारिइरहेका जनजाति, मधेशी र थारूकै पनि प्रतिनिधित्व थिएन । दसका दस पहाडी खसआर्य र एक जनाबाहेक सबै वर्चस्वशाली समूहका नियुक्त गरिएको थियो । एकछिनअघि मात्रै समावेशिता लोकतन्त्रको सुन्दर पक्ष मात्र नभई अनिवार्य सर्त नै रहेको कुरा सुनेर आएको मेरो मस्तिष्कमा ठूलै झट्का लाग्यो र मस्तिष्क मन्थनमा पूरै रात खल्बलियो ।

आखिर के रहेछ त समावेशितासम्बन्धी नेपाली मनोविज्ञान वा चेत भन्ने खुल्दुलीले कोट्याइरह्यो । वास्तवमा यससम्बन्धी बुझाइ दुई धारमा बाँडिएको रहेछ । एउटा धारले संविधान र ऐन-कानुनमा समावेशिता लेखिसकियो र सोको अभ्यास हुँदै गएकाले अन्तर्राष्ट्रिय जगत्मै नमुना भएको देख्दो रहेछ । यो वर्चस्वशाली धार हो, जसले नीति निर्माण र राज्यसत्तामा ऐतिहासिककालदेखि कब्जा जमाउँदै आएको छ । अर्को धारले संविधान र ऐन-कानुनका प्रावधान नै पर्याप्त छैनन् र जे जति छन्, तिनको पनि सारभूत कार्यान्वयन हुन नसकेको बरु वर्चस्वशालीहरूले नै सत्ता प्राप्तिको वैकल्पिक भऱ्याङ बनाएको देख्दा रहेछन् । यो सीमान्तकृत धार हो, जसलाई ऐतिहासिककालदेखि नीति निर्माण र राज्यसत्ताबाट सधैं विमुख गराइयो र अहिलेसम्म समावेशिताका लागि घस्रिरहेका छन् । यी दुई धार अर्थात् मनोविज्ञानका बीचमा समावेशिताको सिद्धान्त, अवधारणा र मान्यता पिल्सिरहेको छ । कतिपय बेला सीमान्तकृत धारलाई मुन्टाउने मेसोसमेत बनेको छ । अहिले संसद्मा प्रस्तुत निजामती सेवा विधेयकको प्रस्तावित आरक्षण व्यवस्थालाई यसको उदाहरणका रूपमा लिन सकिन्छ । सीमान्तकृत धार अग्रगामी हुन्छ र राज्यमा आफ्नो न्यायोचित हिस्साका लागि लडिरहेको हुन्छ तर राज्यसत्तामा प्रभाव पार्न सक्दैन । कहिलेकाहीँ यो धारमा देखिएको 'फ्रस्टेसन' लाई वर्चस्वशालीले आफ्नो हितमा प्रयोग गरेको पनि देखिन्छ । यसको उदाहरणका रूपमा सशस्त्र द्वन्द्वलाई लिन सकिन्छ । द्वन्द्वरत चेतनाले गर्दा उसको बौद्धिक क्षमताको ठूलो हिस्सा यसैमा बितेको हुन्छ । अनि 'अन्डर मेरिट' को ट्याग लगाएर यसको फाइदा पनि वर्चस्वशालीले नै लिन्छन् किनकि मेरिटको मूल्याङ्कन गर्ने हात उनीहरूकै हुन्छ । मेरिटलाई हतियारका रूपमा अपनाई अपव्याख्या गर्ने र अवसरहरू आफ्नो मुठ्ठीमा राख्ने रणनीतिका रूपमा लिइने गरिन्छ । यस्तो अभ्यासलाई अमर्त्य सेनले 'उल्टो आरक्षण' भनेका छन् । हाम्रो मुलुकमा उल्टो आरक्षण प्राग ऐतिहासिक कालदेखि एउटै समुदायले भोग गर्दै आएको छ र अब बन्ने ऐन-कानुनमा घुमाइफिराइ त्यसैलाई जोगाइराख्न प्रयत्नशील रहेको देखिन्छ ।

सत्य निरूपणसम्बन्धी दुई आयोगका पदाधिकारी नियुक्तिमा पनि मेरिटलाई धज्जी उडाइएको छ । यति संवेदनशील संरचनामा समेत राजनीतिक दलको भागबन्डामा नियुक्ति हुने भएपछि दलको आबद्धता र नेताको कृपादृष्टि नै मेरिटको परिभाषा बन्न पुगेको छ । समावेशिताको बुझाइमै फरकः पछिल्लो समय समावेशिताको बुझाइमा नै फरक देखिएको मात्र होइन, यसको व्याख्या फरक ढंगले स्थापित गर्ने प्रयास गरिएको छ । हाम्रो संविधानले राज्यका सबै संयन्त्रमा समावेशिता हुनुपर्ने र त्यसका आधार समानुपातिकता हुने कुरा स्पष्ट गरेको छ । दलितको हकमा त झन् अलग्गै ( धारा ४० मा) विशेष निर्देशन गरिएको छ । तथापि राज्यसत्तामा रहने वर्चस्वशाली धारले यसको अपव्याख्या गरी सीमित संख्याको आरक्षणमा खुम्च्याएको छ । बरु त्यही सीमित आरक्षणमा समेत बढी हिस्सा वर्चस्वशालीकै पोल्टामा पर्ने गरी प्रस्ताव गरिएको छ, जुन २०६४ सालको व्यवस्थाभन्दा पनि पश्चगामी छ । समावेशिताको प्रादुर्भाव सन् १९६० ताका 'सिभिल राइट्स मुभमेन्ट' सँगै संरचनागत रूपले बहिष्करणमा परेका समूह वा समुदायलाई मूलधारमा ल्याउनका लागि भएको हो ।

साभार : कान्तिपुर ।







अनुरोधकर्ता
सम्सी गाउंपालिकाको कार्यालय
महोत्तरी,मधेश प्रदेश

पत्रिका/पेपर
कम्प्यूटराईज गराउन सम्झनुहोस।





सम्पर्क -: ढिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




अनुरोधकर्ता
मुखियापट्टी मुसहरनिया गाउंपालिकाको कार्यालय
धनुषा,मधेश प्रदेश




अनुरोधकर्ता
प्रादेशिक अस्पताल जलेश्वर
महोत्तरी,मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday